निसिखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

देवीस्थान, बागलुङ

गण्डकी प्रदेश, नेपाल

प.सं. २०७९/०८०	मिति :- २०७९/१०/२६

च.नं. :-

**निसीखोला गाउँपालिका भित्र उद्योग, व्यवसाय सञ्चालन गरेका सम्पूर्ण वर्गमा अनुरोध ।**

कुनै पनि नेपाली नागरिकले नेपालको कुनै पनि भागमा पेशा, रोजगार, उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता नेपालको संविधान लगायतका कानूनले प्रत्याभुत गरेको छ र उक्त उद्योग व्यवसाय सञ्चालन गर्दा निश्चित कानून, विधि र पद्धति भित्र रहेर गर्नुपर्ने यहाँहरु सबैलाई अवगत नै छ । तर यस निसीखोला गाउँपालिका भित्र केही उद्योग तथा व्यवसायहरु सम्बन्धित कानून अर्न्तगत रही दर्ता प्रकृया लगायतका कानूनी एंव वैधानिक प्रकृयाहरु पुरा नगरी सञ्चालन गरिरहेको भन्ने सूचना यस पालिकामा प्राप्त भएकोले प्रकृया पुरा नगरि उद्योग, व्यापार सञ्चालन गरिरहेका उद्योगी व्यापारीहरुले यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र सम्बन्धित कार्यालयमा गई दर्ता, अनुमती लगायत नविकरणका प्रकृया पुरा गरी मर्यादित एंव व्यवसायिक अनुशासन भित्र रही आफ्नो उद्योग व्यवसाय सञ्चालन गर्न यो सूचना प्रकाशन गरिएको छ । अन्यथा प्रचलित ऐन कानून बमोजिम भई जाने व्यहोरा समेत जानकारी गराईन्छ ।

..............................

दिलिप कुमार चन्द

नि. प्रमुख प्रशासकीय अधिकृत

दिलिप कुमार चन्द
निमित्त प्रमुख प्रशासकीय अधिकृत